# REGIONAL NEWS

# ALL INDIA RADIO GANGTOK

# NEPALI NEWS

18:40hrs 15.04.2026

## नरेन्द्र मोदी सिक्किम भ्रमण

प्रधानमन्त्री नरेन्द्र मोदी दुई दिवसीय सिक्किम भ्रमणमा 27 अप्रेलका दिन आउनु हुने सम्भावना रहेको मुख्यमन्त्री प्रेम सिंह तामांगले जानकारी दिनुभएको छ। पहिलो दिन राजधानी गान्तोकमा रोड शोमा सहभागिता जनाउने र दोस्रो दिन पाल्जोर स्टेडियममा आयोजित जनसभालाई सम्बोधन गर्ने कार्यक्रम तय गरिएको छ। प्रधानमन्त्री दिउँसो लिबिङस्थित सेनाको हेलीप्याडमा अवतरण गर्नेछन्।

सरकारले सम्पूर्ण तयारी पूरा गरिसकेको छ भने नागरिकहरूलाई भव्य स्वागतका लागि दिउँसो दुई बजे राजधानीमा उपस्थित हुन आह्वान गरिएको छ। यो भ्रमण राज्यवासीका लागि गर्वको विषय भएको मुख्यमन्त्रीले बताउनु भएकोछ।

## सिक्किम एक्सप्रेसः पत्रकारितामा समर्पित सेवाको स्वर्ण जयन्ती

सिक्किम एक्सप्रेसको प्रकाशन र पत्रकारितामा समर्पित सेवाको 50 वर्षको सम्झनामा आज गान्तोकस्थित मनन केन्द्रमा सिक्किमका मुख्यमन्त्री प्रेम सिंह तामाङको विशिष्ट उपस्थितिमा कार्यक्रम आयोजित गरियो।

सभालाई सम्बोधन गर्दै मुख्यमन्त्रीले सिक्किम एक्सप्रेस परिवारलाई हार्दिक बधाई दिनुभयो र यो कोसेढुङ्गालाई राज्यमा पत्रकारिता र लोकतन्त्रको सेवामा ऐतिहासिक उपलब्धिको रूपमा वर्णन गर्नुभयो ।

नगरपालिका चुनाव 2026 का लागि गान्तोक जिल्लाका पीठासीन र मतदान अधिकारीहरूको लागि पहिलो चरणको प्रशिक्षण

नगरपालिका चुनाव 2026 संबधी पीठासीन  र मतदान अधिकारीहरूको लागि पहिलो चरणको तालिम आज डीएसी गान्तोकको सम्मेलन हलमा सञ्चालन गरिएको थियो।

उप-विभागीय मजिस्ट्रेट गान्तोक, महेन्द्र क्षेत्रीले सबै प्रशिक्षार्थीहरूलाई स्वागत गर्दै तालिमको महत्त्वमाथि प्रकाश पारे। सहभागीहरूलाई ईभीएमको कार्यप्रणाली र सिलिङ प्रक्रियासँग परिचित गराउन खाजा पछिको सत्रमा ईभीएमको बारेमा तालिम पनि सञ्चालन गरिएको थियो। दोस्रो चरणको तालिम 18 अप्रिलमा तय गरिएको छ।

## SSERC का सदस्य (कानून) को शपथग्रहण समारोह

सिक्किम राज्य विद्युत नियामक आयोग (SSERC) का सदस्य (कानून) टेम्पो ग्यात्सो भुटियाले आज सिक्किम सरकारको मुख्य सचिवको कार्यालयमा शपथ ग्रहण गर्नुभयो।श्री भुटियाले गोपनीयताको शपथ र संविधान प्रति निष्ठाको शपथ, मुख्य सचिव आर. तेलङ, IAS, सचिव SSERC, गृह विभाग सचिव, सचिव ऊर्जा विभाग, सचिव कानून विभाग र SSERC का अन्य वरिष्ठ अधिकारीहरूको उपस्थितिमा लिए।

SSERC ले विद्युत क्षेत्रमा पारदर्शिता, दक्षता र निष्पक्षता सुनिश्चित गर्न, उपभोक्ताहरू साथै सरोकारवालाहरूको हितको रक्षा गर्न महत्त्वपूर्ण भूमिका खेल्छ।

## चुङथाङमा राष्ट्रिय अग्नि सेवा हप्ताको दोस्रो दिन

जारी राष्ट्रिय अग्नि सेवा साता 2026 को एक भागको रूपमा, चुङथाङ अग्निशमन केन्द्रले आज लाचुङ तोम्ची स्कूलमा अग्नि सुरक्षा जागरूकता कार्यक्रम सञ्चालन गर्यो।

कार्यक्रममा विद्यार्थीहरूलाई आगलागीबाट बच्ने तरिकाहरू बारे सचेत गराउन जागरूकता वार्ता, अन्तरक्रियात्मक सत्र र प्रत्यक्ष प्रदर्शन गरिएको थियो।

## एसकेएम नारी विंगः आम ऱ्यालीको घोषणा

लोकसभा र राज्य विधानसभाहरूमा महिलाहरूको लागि 33 प्रतिशत आरक्षण सुनिश्चित गर्ने उद्देश्यले ऐतिहासिक नारी वंदन ऐनको समर्थनमा सिक्किम क्रान्तिकारी मोर्चा नारी विंगले 17 अप्रिलमा गान्तोकमा आम प्यालीको घोषणा गरेको छ जुन देवराली टाटा स्ट्यान्डबाट शुरु भएर पाल्जोर स्टेडियममा जानेछ, जहाँ सहभागीहरूले ऐनको लागि बलियो समर्थन व्यक्त गर्ने र यसको प्रस्तावित कार्यान्वयनलाई स्वागत गर्ने अपेक्षा गरिएको छ।

भेलाले शासनमा महिला प्रतिनिधित्व बढाउन सुधारहरू शुरु गरेकोमा भारत सरकार र प्रधानमन्त्री नरेन्द्र मोदीप्रति कृतज्ञता व्यक्त गर्नेछ। 2023 मा पारित नारी वंदन ऐनले संसद र राज्य विधानसभाहरूमा महिलाहरूको लागि एक तिहाइ सिट आरक्षणको व्यवस्था गर्दछ।

<u>विकसित भारत जी राम जी कार्यक्रम अन्तर्गत मंगनमा पूर्व तयारी बिना र चित्रकला प्रतियोगिता आयोजना</u>

विकसित भारत जी राम जी पहलको जन संवाद (सार्वजनिक पहुँच) कार्यक्रम अन्तर्गत Extempore अर्थात् पूर्व तयारी बिना र चित्रकला प्रतियोगिता आज अतिरिक्त जिल्लापाल (विकास), जिल्लापाल मंगनको कार्यालयमा आयोजना गरिएको थियो। प्रतियोगितामा जिल्लाभरका विद्यालयहरूको सहभागिता देखियो। "महात्मा गान्धी र विकसित भारतका गाउँहरू" विषयमा भएको प्रतियोगितामा कुल 14 विद्यार्थीहरूले भाग लिएका थिए।

अतिरिक्त जिल्लापाल (विकास) डा. सोनम रिन्चेन लेप्चाले युवाहरुलाई सरकारी विभागहरू र कल्याणकारी योजनाहरूप्रति सचेत हुनुको महत्त्वमा जोड दिनुभयो साथै राष्ट्र निर्माण र विकसित भारतको दृष्टिकोणमा सक्रिय रूपमा योगदान दिन प्रोत्साहित गर्नुभयो ।